“ कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि ”

# हिलिहाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी, पाँचथर

कोशी प्रदेश, नेपाल।

अध्यक्ष:-९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :- ९८५२६८४४७७

पत्र संख्या : २०८१/०८२
च.नं

मिति : २०८१/८/६
ने.सं. ११४५

## आ.व. २०८१/०८२ को आन्तरिक आय उठाउने सम्वन्धी आह्वानको सूचना।

प्रथम पटक सूचना प्रकाशन मिति- २०८१/८/६

स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायका कर, दस्तुर, शुल्क सम्वन्धी आन्तरिक आय ठेक्का आ.व. २०८१/०८२ को लागि मिति २०८१ मंशिर महिना देखि २०८२ असार मसान्तसम्मको लागि देहायमा उल्लेखित ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म, कम्पनी र संस्थाहरुको सम्वन्धित सबैको जानकारीको लागि १५ दिनको शिलवन्दी दरभाउपत्र सूचना प्रकाशन गरिएको छ।

| शिलबन्दी दरभाउपत्र नं. | सूचनाको नाम | सूचनाको किसिम | न्यूनतम अंक वार्षिक मु अ.क.बाहेक | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| ३-२०८०/०८१ | निकासीजन्य शुल्क | दरभाउपत्र | ११०००।०. | १०००।० | कबोल रकमको ३ प्रतिशत |

१.दरभाउपत्र फाराम रु. १०००।० अक्षेरपी रु एक हजार (फिर्ता नहुने ) गरी हिमालयन बैंकमा रहेको हिलिहाङ गाउँपालिका आन्तरिक राजश्व खाता नं. २६३५११८२२४०१७१ जम्मा गरी प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म ,कम्पनी / संस्थाले दरभाउपत्र खरिद गर्न आ.व. २०८०/०८१ सम्मको नविकरण भएको प्रमाण- **पत्र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण- पत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।**

२. यो सूचना प्रकाशन गरिएको मितिले १५ औं दिनको १२:०० भित्र कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ र दरभाउपत्र सोही दिनको २:०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन। दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोही समयमा हुनेछ।

३. दरभाउपत्र फारामका साथ आफूले कबुल गरेको अंकको कम्तिमा ३ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाना नं. २६३५११८२२४००१५ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ।

४. दरभाउपत्र फाराम भर्दा फाराममा तोकिएको विषयहरु आफूले कवुल गरेको अंक र अक्षरमा समेत प्रष्ट लेखिएको हुनुपर्ने छ। कुनै व्यहोरा सच्चाएको ठाँउमा दरभाउपत्रदाताको दस्तखत भएको हुनुपर्ने छ। अंक र अक्षरमा फरक परे अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

५. कार्य सञ्चालनको सिलसिलामा नेपाल सरकारलाई वुझाउनु गर्ने सम्पूर्ण कर ,दस्तुर, शुल्क आदि ठेकेदार आफैले वुझाउनु पर्नेछ।

६. यस कार्यालयबाट विगत वर्षहरुमा लगाईएको ठेक्काको रकम वुझाउन वक्यौता रहेको फर्म /कम्पनी/ संस्थाहरुको दरभाउपत्र स्वीकृत हुनेछैन।

७. दरभाउपत्र स्वीकृत भएपछि कवुल रकम एक मुष्ठ रुपमा वुझाउनु पर्नेछ।

८. गाउँपालिकाकाले तोकेको दररेट अनुसार मात्र ठेकेदारले शुल्क /कर उठाउनु पर्नेछ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

९ माथि उलेखित दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. यस सम्वन्धमा थप कुरा वुझ्न परेमा मोवाईल नं. ९८४३६६२५११ मा सम्पर्क गर्न सक्नु हुनेछ।

११. उल्लेखित ठेक्काको दररेट दरभाउपत्रमा संलग्न गरिएको छ।

१२. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
पञ्चमी पाँचथर
कोशि प्रदेश नेपाल

आयोजनाको नाम : निकासी कर
स्थान : हिलिहाङ गाउँपालिका

| क्र.स | विवरण | एकाई | परिमाण | दर | | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंक | अक्षर | | |
| १ | चिराईतो अर्गेली | प्रति के.जी | | ५.० | | | |
| २ | प्रतिबन्धित बाहेक अन्य काठ (गोलिया) | प्रति गाडि (ट्रक ६ चक्के) | | ७००.० | | | |
| ३ | कागजजन्य कच्चा पदार्थ | प्रति के.जी | | १.० | | | |
| ४ | अम्रिसो | प्रति गाडि (पिअप/ट्याक्टर) | | ५००.० | | | |
| ५ | अलैची | प्रति के.जी | | १०.० | | | |
| ६ | टिमुर | प्रति के.जी | | ५.० | | | |
| ७ | कुरिलो | प्रति के.जी | | ५.० | | | |
| ८ | खयरो काठ | प्रति क्यू फिट | | ५.० | | | |
| ९ | अदुवा | प्रति के.जी | | १.० | | | |
| १० | बाखा र बंगूर पाठा | प्रतिगोटा | | ५०.० | | | |
| ११ | कुखुरा हासँ र पन्छिजन्य | प्रति पिक अप | | १०००.० | | | |
| १२ | माउ सुँगुर/गाई/ गोरु/भैसी/राँगा/लगाएत ठूला चौपाया | प्रतिगोटा | | १००.० | | | |
| १३ | फलामजन्य कवाडि | प्रति के.जी | | २.० | | | |
| १४ | सिसाजन्य कवाडि | प्रति के.जी | | १.० | | | |
| १५ | तामाजन्य कवाडि | प्रति के.जी | | ०.५ | | | |
| जम्मा रकम | | | | | | | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत